**खिजीदेम्वा गाउँपालिकाको पहिलो गाउँ सभामा मिति २०७९ असाढ ०८ गते बुधबार गाउँपालिका अध्यक्ष श्री गम्बु शेर्पाले प्रस्तुत भएको**

## आर्थिक वर्ष २०७९/०८० को

# वार्षिक नीति तथा कार्यक्रम

**खिजीदेम्वा गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**खिजीफलाटे, ओखलढुंगा**
**१ नं. प्रदेश, नेपाल**

गम्बु शेर्पा
गाउँपालिका अध्यक्ष

खिजीदेम्वा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खिजीफलाटे, ओखलढुंगा
१ नं. प्रदेश, नेपाल
स्था : २०७३

**श्री उपाध्यक्ष ज्यू,**

**गाउँसभाका सदस्य, तथा उपस्थिती महानुभावहरु,**

खिजीदेम्वा गाउँपालिकाको यस ऐतिहासिक गाउँसभामा अध्यक्षको हैसियतले आगामी आर्थिक बर्ष २०७९।०८० को बार्षिक नीति तथा कार्यक्रम यहाँहरु समक्ष प्रस्तुत गर्न पाउँदा गौरवान्वित भएको छु । यस अवसरमा गाउँपालिकावासीप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दै संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल स्थापना तथा निर्माणका खातिर आफ्नो जीवन उत्सर्ग गर्नु हुने ज्ञातअज्ञात सहिदहरु प्रति हार्दिक श्रद्धाशुमन व्यक्त गर्दछु ।

स्थानीय तहको दोस्रो निर्वाचन पश्चात् हुन गइरहेको यस पहिलो गाउँ सभाले गाउँपालिकाको आगामी लक्ष्य, योजना, कार्यक्रम तथा नीतिगत विषयहरुलाई उठान गरी सुन्दर र नुमना गाउँपालिका निर्माणका खातिर यात्रा तय गर्ने छ । यसलाई सफल बनाउन कार्यपालिका सदस्य ज्यूहरु, राजनैतिक दल, सामाजिक अभियन्त, सरकारी तथा गैरसरकारी निकाय, पत्रकार तथा आम सञ्चारजगत, सुरक्षा निकाय, कर्मचारी संयन्त्र, शिक्षक, बुद्धिजीवि र नागरिक अगुवाहरु र आम खिजीदेम्वावासीहरुको भूमिका र सकारात्मक सहयोगको अपेक्षा गरेको छु ।

संघ, प्रदेश, जिल्ला समन्वय समिति एवं विभिन्न तह र तप्काका नेतृत्ववर्गसँगको सहकार्य, समन्वय र सहयोग लिई आगामी पाँच बर्षमा गाउँपालिकालाई निश्चित् लक्ष्यमा पुऱ्याउने अठोटका साथ यहाँहरु सबैलाई गाउँपालिकाको तर्फबाट यस यात्रामा सरिक भईदिन हुन हार्दिक आह्वान गर्दछु ।

पछिल्लो समयमा विश्वव्यापी रुपमा देखा परेको कोरोना महामारी, विश्वका शक्तिशालि मुलुकहरुवीचको टकरावका कारणले विश्व नै आर्थिक संकटबाट गुज्रिरहेको छ । यसबाट नेपालपनि अछुतो रहन सकेको छैन । यस्तो अवस्थामा आम नागरिकको दैनिकी, विकास निर्माण, वर्तमान व्यवस्था अनुरुप प्रशासनिक तथा नीतिगत कुराहरुलाई निरन्तरता दिने विषय चुनौतीको रुपमा रहेको सर्वविधितै छ ।

युवा जनशक्तिलाई उत्पादनसँग जोड्दै आयत भन्दापनि निर्यतमुखि अर्थतन्त्रमा जोड दिई स्थानीय उत्पादनलाई बढवा दिने र आर्थिक हैसियत उठान गर्न आधारशिला निर्माण गर्नेमा हाम्रो ध्यान जानुपर्दछ भन्ने लागेको छ । यसका लागि गाउँपालिकाले आफूसँग भएको स्रोत साधनको भरपूर प्रयोग गर्ने, स्रोतको पहिचान तथा सदुपयोगका क्षेत्रमा विशेष ध्यान दिने नीति अघि सारेको छु ।

गाउँपालिकाको आर्थिक हैसियत उठाएर आत्मनिर्भर बनाउनेतर्फ यस अवधीमा विशेष कार्यक्रमहरु सञ्चालन गर्ने लक्ष्य लिइएको छ । जसका लागि स्थानीय खोलानदीबाट जलविद्युत, खनिज पदार्थ, जडिबुटी, खोलाजन्य वस्तुहरुमाथि निर्भर रहनुपर्ने अवस्था विद्यामान छ । गाउँपालिकाभित्र भएका स्रोत, कृषि उपजहरुलाई उचित व्यवस्थापनले नै गाउँपालिकाको उज्ज्वल भविष्यका आधारहरु निर्माण हुने भएकाले यसतर्फ विशेष योजनाका साथ अघि बढ्दै परिणाममुखि कार्यक्रमहरुका साथ गाउँपालिकावासीको खुसी र गाउँपालिकालाई सर्वृद्ध बनाउन सबैसँग प्रतिबद्ध भएर अघि बढ्ने दृढ संकल्पका साथ सम्मानित सभा समक्ष बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

**उपाध्यक्ष महोदय,**

- ❖ संविधानले निर्दिष्ट गरे अनुसार तीनै तहका सरकारवीच समन्वय, सहकार्य र सहअस्तित्वको सिद्धान्तलाई शिरोपर गर्दै हामीले अघि सारेको "***आर्थिक विकास, सुशासन र सदाचारः खुसी नागरिक, समृद्धी खिजीदेम्वा हाम्रो आधार***" भन्ने आदर्शलाई सार्थकता तुल्याउनका लागि अग्रसर भई आगामी दिनहरुमा विकास निर्माणका कार्यहरुलाई द्रुतगतिमा अघि बढाइनेछ ।
- ❖ यसअघिका स्थानीय सरकारले अघि सारेका अत्यावश्यक र महत्वपूर्ण कार्यक्रमहरुलाई

❖ गाउँपालिकाभित्र गौरवका रुपमा रहेका आयोजनालाई प्राथमिकीकरण गरी बहुबर्षीय आयोजनाको रुपमा विकास गरी अघि बढाइनेछ ।

❖ लिखु भूसिंगा सडक कालोपत्रे गर्ने योजनालाई निरन्तरता दिइनेछ । त्यस्तै, यसै आर्थिक बर्षभित्र गाउँपालिकाका प्रशासनिक भवन निर्माण पूरा गरी कार्यालय सञ्चालन गर्ने र तला थप गर्नका लागि बजेट व्यवस्थापनका लागि पहल गरिनेछ ।

❖ गाउँपालिका केन्द्रमा निर्माणाधिन अस्पताललाई तत्काल सम्पन्न गरी मेडिकल डाक्टरको दरवन्दी व्यवस्था गरी सेवा सुचारु गरिनेछ ।

❖ केन्द्रीय प्रसारण लाईन विस्तारका लागि गाउँपालिकाले आवश्यक जग्गा व्यवस्थापन गरी सव स्टेशन निर्माण कार्य तत्काल अघि बढाइने छ । र, केन्द्रीय लाइनका लागि तार विस्तार भएका क्षेत्रहरुमा ट्रान्समिटर व्यवस्थापन गरी विद्युत सञ्चालन गर्नुका साथै दुई बर्षभित्र सबै गाउँटोलमा केन्द्रीय लाइन पुर्‍याइनेछ ।

❖ पर्यटकीय गन्तव्यहरुको व्यवस्थापन र भौतिक पूर्वाधारहरु निर्माण गरी पर्यटकीयमय पालिका बनाइनेछ । यसबाट गाउँपालिकाको आर्थिक हैसियत सुदृढीकरणमा विशेष टेवा पुग्नेछ ।

❖ सबै घरपरिवारलाई स्वच्छ खानेपानीको व्यवस्थापन अनिवार्य गरिनेछ ।

❖ युवाहरुलाई रोजगारीको अवस्था सिर्जना गर्न विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ । कृषि उपज, पशुपालन तथा पर्यटकको सेवासँग सम्वन्धित तालिमहरु आयोजना गरी दक्ष जनशक्ति उत्पादन गरिनेछ । विकास निर्माणका कार्यहरुमा स्थानीय श्रमको प्रयोग गरी रोजगारको अवस्था सिर्जना गरिनेछ ।

❖ राष्ट्रिय सूचिकृत राष्ट्रभाषालाई स्थानीय तहमा अभिलेखिकरण गरी सबै सरकारी, गैरसरकारी, विद्यालय तथा कार्यालयहरुमा राखिने साइनबोर्ड, लेटरहेड, सूचना पाटी, बडापत्र, राजपत्रमा प्रयोग गरिनेछ ।

❖ बहुभाषिक शिक्षा नीतिलाई तदारुकताका साथ लागू गरिनेछ ।

❖ खिजीदेम्बा गाउँपालिकाका विभिन्न जातजाति, संस्कृती र ऐतिहासिक दस्तावेजहरुका आधारमा धार्मिक, सांस्कृतिक र परम्परा झल्किने गरी संग्रहालय निर्माण गरीनेछ । यसबाट पर्यटन प्रबर्द्धनमा समेत विशेष टेवा पुग्नेछ ।

❖ सबै भन्दा बढी क्षेत्रफलमा अन्नाबाली उत्पादन गर्ने कृषकलाई सम्मान र अनुदानको व्यवस्था गरी प्रोत्साहित गरिनेछ ।

❖ करको दायरा फराकिलो बनाइने छ । सबै पेशाव्यवसायीलाई अनिवार्य करको दायरामा ल्याइनेछ ।

गम्बु शेर्पा
गाउँपालिका अध्यक्ष

खिजीदेम्वा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खिजीफलाटे, ओखलढुंगा
१ नं. प्रदेश, नेपाल
स्था : २०७३

## पूर्वाधार विकास

### भवन तथा आवासतर्फ

- ❖ वडा कार्यालय नभएका बाँकी वडाहरुमो कार्यालय भवन निर्माणका लागि तत्काल बोलपत्र आह्वान गरी निर्माण कार्य अघि बढाइनेछ ।
- ❖ भौतिक पूर्वाधार अभाव भएका विद्यालयहरुमा भवन निर्माणका लागि तत्काल प्रक्रिया अघि बढाइने छ । सदुपयोगमा नआएका विद्यालय भवनहरुलाई सामुदायिक भवनको रुपमा प्रयोग गर्ने व्यवस्था मिलाइने छ ।

### सडक तथा यातायात सेवाः

- ❖ संघ र प्रदेशको राजधानी र जिल्ला सदरमुकामलाई गाउँपालिका केन्द्रसँग सहज रुपमा जोड्नका लागि छोटोदुरीका सडकलाई कालोपत्रे तथा स्तरोन्नती गरिनेछ । त्यस्तै, गाउँपालिका केन्द्रबाट प्रत्येक वडामा पुग्ने मुख्य सडकको स्तरोन्नती गरी बाह्रै महिना सञ्चालन गर्ने गरी तत्काल कार्य अघि बढाइनेछ ।
- ❖ गाउँपालिकाले सार्वजनिक यातायात सेवा सञ्चालन गरि सुलभ रुपमा सेवा प्रदान गर्ने नीति अबलम्बन गरिनेछ । यस कार्यक्रममा सहभागि हुन निजी क्षेत्रलाई समेत प्रोत्साहित गरिनेछ ।
- ❖ खिजीफलाटे-चर्नालु-हिले सडक,खिजीकाती-खिजीकाती-रावादोलु भुसिंगा सडक, खिजीदेम्वा गाउँपालिका वडा नं. ५,६ हुदैं ओखलढुंगा जोड्ने सडक लगाएतका गाउँपालिकाका विभिन्न प्रमुख सडक योजनाहरुको निर्माण कार्य सम्पन्न गरि संचालनमा ल्याईने छ ।

### हवाई सेवाः

- ❖ खिजीदेम्वा गाउँपालिका वडा नं. ३ मा रहेको चण्डेश्वरी विमानस्थललाई सुचारु गर्न विशेष पहल गरिनेछ । हवाई मैदानको स्तरोन्नती गरीने छ ।

### ग्रामिण विद्युतीकरणः

- ❖ केन्द्रीय प्रसारण लाईन विस्तारको काम तत्काल पूरा गरी प्रत्येक घरपरिवारलाई विद्युत उपभोग गर्ने वातावरण मिलाइनेछ । त्यस्तै, साना तथा मझौला उद्योगलाई विद्युत महशुलमा सहुलियत दिने व्यवस्था गरिनेछ ।
- ❖ सौर्य उर्जा उज्यालो कार्यक्रमलाई प्रभावकारी बनाइ निरन्तरता दिइनेछ ।
- ❖ नदी तथा खोलाखोल्सीहरुको संभाव्यता अध्ययन गरी लघु तथा ठूला जलविद्युत आयोजना सञ्चालनका लागि आवश्यक प्रक्रिया अघि बढाइनेछ ।
- ❖ सञ्चालनमा नरहेका तथा अन्य कारणले वन्द भएका साना विद्युत उत्पादन केन्द्र (पेल्ट्रीसेट) हरुको व्यवस्थापन गरिनेछ ।

गम्बु शेर्पा
गाउँपालिका अध्यक्ष

खिजीदेम्बा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खिजीफलाटे, ओखलढुङ्गा
१ नं. प्रदेश, नेपाल
स्था : २०७३

**सूचना प्रविधि तथा सञ्चारः**

- ❖ सम्पूर्ण सरकारी कार्यालय र विद्यालयहरुमा इन्टरनेटसेवा र सिसि क्यामेरा जडान गरिनेछ । गाउँपालिकाबाट सिसि क्यामेराहरुको निगरानी र अनुगमन गर्ने व्यवस्था मिलाइनेछ ।
- ❖ प्रत्येक वडा कार्यालयहरु सूचना प्रविधि मैत्री बनाइनेछ । वडाको पायक पर्ने स्थानमा सूचना केन्द्र स्थापना गरिनेछ ।
- ❖ गाउँपालिकामा एक प्रवक्ता र सूचना अधिकारी तोकी कार्यपालिकाले सम्पादन गरेका कार्य र निर्णयहरु नियमित रुपमा सार्वजनिकीकरण गरिनेछ ।
- ❖ स्थानीय तहको संस्थागत स्वःमूल्यांकन परीक्षण सम्वन्धि कार्य र विद्युतीय सुशासन जोखिम मूल्यांकन कार्यलाई निरन्तरता दिइनेछ ।
- ❖ गाउँपालिकाले सम्पादन गरेका कार्यहरुको प्रगती विवरण, प्रतिवेदनलाई स्मारिकाको रुपमा नियमति रुपमा प्रकाशन गर्ने, सबै खाले सूचनाहरु वेवसाइट र सामाजिक सञ्जालबाट सार्वजनिक गर्ने कार्यलाई नियमित बनाइनेछ ।
- ❖ स्थानीय सञ्चार माध्यमहरुको व्यवस्थापन र प्रोत्साहनका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ । त्यस्तै, पत्रकारिता क्षेत्रमा लामो समय देखि योगदान पुऱ्याउनेहरुलाई सम्मान गर्नका साथै बार्षिक १० जना पत्रकारलाई लेखनवृत्ति प्रदान गरिनेछ ।
- ❖ वृत्तचित्र निर्माण गरी गाउँपालिकाको कार्यक्रम तथा पर्यटन प्रवर्द्धनका लागि प्रचारप्रसारका गरिनेछ ।
- ❖ जनताको चासो, गुनासालाई ध्यानमा राख्दै अध्यक्षसँग पालिकाका कुरा सञ्चालन गरिनेछ ।
- ❖ स्थानीय सञ्चारमाध्यमको स्थापनामा लाग्ने कर दस्तुरमा विशेष छुट दिइनेछ ।
- ❖ नेपाल पत्रकार महासंघ जिल्ला शाखाको संस्थागत विकासका लागि बजेट व्यवस्थापन गरिनेछ साथै महासंघको समन्वयमा पत्रकारिता तालिम आयोजना गर्ने व्यवस्था मिलाइनेछ ।

**खानेपानी, सरसफाई र सिँचाईः**

- ❖ अपूरा खानेपानी आयोजनाहरु निर्माण सम्पन्न गर्ने कार्यलाई प्राथमिकता दिइनेछ । घरघरमा धारा कार्यक्रमलाई व्यवस्थित रुपमा सञ्चालन गरी स्वच्छ खानेपानी आपूर्ति गरिनेछ ।
- ❖ टोल सुधार समितिमार्फत सरसफाई कार्य सञ्चालन गरिनेछ । ठाउँठाउँमा फोहोर संकलन सामाग्री राखी व्यवस्थित गरिनेछ । ***म सफा राख्छु मेरो टोल*** कार्यक्रम सञ्चालन गरिनेछ ।
- ❖ सरसफाईमा विशेष ध्यान दिने परिवार र टोललाई पुरस्कृत गरिनेछ । प्लाष्टिकजन्य वस्तुको प्रयोगलाई न्यूनिकरण गरीनेछ । शहरोन्मूख क्षेत्रलाई व्यवस्थित ढल निकासको लागि कार्य अघि बढाइनेछ । खिजीफलाटे बजार क्षेत्रमा विभिन्न जातका विरुवाहरु रोपी ***हरियाली बजार, हाम्रो रहर*** कार्यक्रम लागू गरिनेछ ।
- ❖ खेती योग्य जग्गाहरुमा सिँचाईको व्यवस्थापन गरिनेछ ।

गम्बु शेर्पा
गाउँपालिका अध्यक्ष

**कृषि, वन तथा पशुपंक्षीः**

- प्रत्येक वडाको माटो परीक्षण गरी माटोको उत्पादकत्व क्षमता अनुसार बाली विस्तार विशेष कार्यक्रम सञ्चालन गरिनेछ । ती क्षेत्रहरुमा पकेट कार्यक्रमहरुलाई प्राथमिकतका साथ सञ्चालन गरिनेछ । मौरी, फलफुल, चिया, सिमी, आलु, अलैची, मकै र कफिजन्य वस्तु लगायत अन्य कृषिउपज उत्पादन गरी कृषकको आर्थिक हैसियत उठानमा विशेष जोड दिइनेछ ।
- चिस्यान केन्द्र, भण्डारण घर निर्माण गरिनेछ ।
- कृषि र पशुपालनमा विशेष अनुदानको व्यवस्था गरी आधुनिक र व्यवस्थित गरिनेछ ।
- परम्पारगत निर्वाहमूखि कृषि प्रणालीलाई आधुनिक र व्यवसायिक बनाउन यन्त्रीकरण, बजारीकरणको विशेष व्यवस्था गरिनेछ ।
- उद्यमीहरुलाई बैंक कर्जामा ६० प्रतिशत व्याज अनुदान, तालिम र प्रोत्साहनका कार्यहरुलाई निरन्तरता दिइनेछ ।
- स्थानीय उत्पादनलाई बजारीकरण गर्न विशेष नीति ल्याइने छ । बिचौलियलाई र कृषकहरुलाई मार्कमा पार्ने गरी गरिने व्यवसायलाई निरुत्साहित गरिनेछ ।
- कृषि उत्पादन संकलन केन्द्र, कृषि सहकारी स्थापनामा जोड दिइनेछ । **एक वडा एक कृषि सहकारी** संस्था स्थापना गर्ने नीति लिइनेछ ।
- कृषि तथा पशु विमालाई प्रभावकारी रुपमा लागू गर्दै कुल लागतको ५० प्रतिशत गाउँपालिकाले अनुदान दिने व्यवस्था गरिनेछ ।
- चौंरी पालन व्यवसायलाई पकेट क्षेत्रको रुपमा विकास गरिनेछ । त्यस्तै, छुर्पि तथा दुधजन्य वस्तुको उत्पादन र बजारीकरणको व्यवस्था गरिनेछ ।
- स्थानीय जातका कुखुरा पालन, चल्ला उत्पादन, हाँस तथा कालिज पालन जस्ता कार्यहरुमा युवाहरु आकर्षित गराई अनुदानको व्यवस्था गरिनेछ ।
- वनस्पती, जडिबुटी संकलन कार्यलाई व्यवस्थित गरिनेछ । वन पैदावारको संरक्षण सम्बर्द्धन र पुनःउत्पादनमा विशेष योजना बनाइ लागू गरिनेछ । जडिबुटी खेती विस्तार गरी जडिबुटीमय गाउँपालिका निर्माण गर्नुको साथै चोरी पैठारी नियन्त्रणमा विशेष नीति ल्याइनेछ ।
- जथाभावी चरिचरण, रुख कटान कार्यलाई निरुत्साहित गरिनेछ । त्यस्तै, सामुदायिक वनलाई थप व्यवस्थित र उपभोक्तामुखि बनाइनेछ ।
- वन तथा सरकारी खाली जग्गामा समुदायबाट आयआर्जनमा सघाउ पुग्ने खाले कार्यक्रम सञ्चालन गर्न उपयोग गर्न दिइनेछ । चरिचरणलाई व्यवस्थित गरी चौरी, भेडा र बाख्रा पशुपालनलाई जोड दिइनेछ ।
- विपद् व्यवस्थापन, कोषलाई प्रभावकारी बनाउँदै प्रत्येक वडामा विपद् व्यवस्थापन समिति र युवाहरु सम्मेलित उद्धार समूह निर्माण गरिनेछ । उनीहरुलाई आवश्यक बन्दोवस्तीका सामाग्रीहरु डिभिजन वन कार्यालयको समन्वयमा गाउँपालिकाले उपलब्ध गराउने छ ।
- नर्सरी उत्पादन, वृक्षारोपण, जडिबुटी उत्पादन, भण्डारण, बजारीकरण र प्रशोधनका कार्यहरुलाई प्राथमिकता दिइनेछ ।

**पर्यटनः**

- पर्यटकीय गन्तव्यको रुपमा सूचिकृत तथा आकर्षक ठाउँहरुको विकासका लागि विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ । गाउँपालिकाभित्रका ऐतिहासिक स्थानहरुबाट पर्यटक पथमार्ग निर्माण गरिनेछ ।
- होमस्टे सञ्चालन, प्याराग्लाइडिङ, अल्ट्राम्याराथन, साइकिलिङ प्रतियोगिताहरु सञ्चालन गरिनेछ ।
- चण्डेश्वरीको विमानस्थल नियमति रुपमा सञ्चालन गरी पर्यटक आवागमनमा सहज तुल्याइनेछ ।
- जातीय, संस्कृतिहरुलाई प्रबर्द्धन गर्दै ग्रामिण पर्यटनलाई जोड दिइनेछ ।
- भाषा, संस्कार, संस्कृतीको विकास, प्रबर्द्धन, सम्बर्द्धनका लागि विशेष कार्यक्रमहरु लागु गरिनेछ ।
- गल्फ सेन्टर, तारे होटल, मोटेलको स्थापना र डाँडाहरुमा ऐतिहासिक मूर्तिहरु स्थापना गरिनेछ ।

**स्वास्थ्य, शिक्षा, तथा सामाजिक समावेशीकरणः**

**स्वास्थ्यः**

- स्वास्थ्य सेवालाई प्रभावकारी र पूर्ण रुपमा निःशुल्क बनाइनेछ । गाउँपालिको वडा नं. ५ र वा नं. ३ मा निर्माणाधिन अस्पताल भवनहरु समयमै निर्माण सम्पन्न गरी सञ्चालन गरिनेछ ।
- दीर्घरोगी, बृद्धाबृद्धहरुको स्वास्थ्य परीक्षणका लागि घुम्ती शिविरहरु सञ्चालन गरिनेछ ।
- विद्यार्थीहरुको स्वास्थ्य परीक्षण तथा पोषण वितरण गरिनेछ ।
- गर्भवती, सुत्केरी र बालबालिकाहरुलाई ***पोषण प्रबर्द्धन*** कार्यक्रममार्फत सेवा दिइने छ ।
- गर्भवती, सुत्केरी महिलालाई पालिकाका अस्पतालसम्म भिडियो एक्सरे र एम्बुलेन्स सेवा निःशुल्क उपलब्ध गराइनेछ । ३ वटा एम्बुलेन्स गाउँपालिकामा एक साथ परिचालन गरी सेवालाई छिटो छरितो र सर्वुलभ बनाइनेछ ।
- दरवन्दी नभएका स्वास्थ्य केन्द्रमा स्थायी दरवन्दीको व्यवस्थापन गरिनेछ ।
- स्वास्थ्य विमा, जेष्ठ नागरिक उपचार कोषको व्यवस्था गरिनेछ ।

**शिक्षाः**

- सबै विद्यालयमा विषयगत शिक्षकको व्यवस्थापन गरिनेछ । दरवन्दी मिलान गरी दुई बर्ष भन्दाबढी समय एकै ठाउँमा सेवा गरेकाहरुको पालिका भित्र र अन्तरपालिका सरुवा हुने व्यवस्था मिलाइनेछ
- माध्यमिक तहसम्म अध्ययनरत छात्राका लागि स्वास्थ्य सुरक्षाका सामाग्री (सेनेटरी प्याड) वितरण कार्यक्रम निरन्तरता दिइनेछ ।
- प्राविधिक तथा व्यवसायिक शिक्षालाई जोड दिइने छ । त्यस्तै, एमविविएस अध्ययन गर्न चाहाने २ जना (दलित, महिला र मेधवी) विद्यार्थीलाई पूर्ण छात्रवृत्ति प्रदान गरिनेछ ।

खिजीदेम्बा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खिजीफलाटे, ओखलढुङ्गा
१ नं. प्रदेश, नेपाल
स्था : २०७३

- ❖ स्थानीय भाषा, संस्कार, संस्कृतीको संरक्षण, विकास र सम्बर्द्धनका लागि भाषीकीहरुको संख्याको आधारमा विद्यालयहरुमा अनिवार्य मातृभाषा कक्षा सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।
- ❖ शैक्षिक गुणस्तर अभिबृद्धि अनुदान बजेट थप गरी निरन्तरता दिइनेछ ।
- ❖ विद्यालयमा कार्यरत लेखा कर्मचारी, सहयोगी र वालबक्षा सहजकर्ताको मासिक पारिश्रमिकमा ३० प्रतिशत बृद्धि गरी प्रोत्साहन स्वरुप उपलब्ध गराइनेछ ।
- ❖ विभिन्न निकायहरुमा रिक्तपदहरु पूर्ति गर्दा स्थानीय युवा, दलित, महिलालाई विशेष प्राथामिकतामा राखिनेछ ।
- ❖ व्यवसायिक तथा सीप विकास (इभेन्टस्) कार्यक्रम सञ्चालन गरिनेछ ।
- ❖ विषयगत दक्षता अभिबृद्धिका लागि शिक्षक तथा कर्मचारीहरुलाई विशेष तालिमहरु आयोजना गरिनेछ ।
- ❖ राष्ट्रिय भर्ना अभियानलाई प्रभावकारी कार्यान्वयनका लागि अभियान सञ्चालन गर्न सहयोग गरिनेछ ।
- ❖ माध्यमिक तह सञ्चालित विद्यालयहरुमा १ जना स्टाफनर्सको व्यवस्थापनलाई अनिवार्य गरिनेछ ।

**युवा तथा खेलकूद**

- ❖ युवा स्वरोजगारका लागि युवा उद्यमशिलता विकास कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- ❖ युवालाई उत्पादनसँग जोड्ने खाले कार्यक्रम सञ्चालन गरी दुर्व्यसन, कुलत, अपराधिक गतिविधिबाट युवाहरुलाई अलग राख्ने राख्न पहल गरिनेछ ।
- ❖ एक वडा एक खेलकूद मैदान निर्माणका लागि जग्गाको व्यवस्थापन गरी खेल मैदान निर्माण कार्य तत्काल अघि बढाइनेछ ।
- ❖ विद्यालयहरुमा खेल प्रशिक्षकको व्यवस्थापन गरी नियमित रुपमा खेल प्रशिक्षण शुरुवात गरिनेछ ।
- ❖ योग, व्यायम तथा शारीरिक सुसंगठनसँग सम्वन्धित कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- ❖ प्रत्येक वडामा विभिन्न खेलकूद प्रतियोगिताहरु नियमित रुपमा सञ्चालन गरिनेछ ।
- ❖ गाउँपालिकास्तरमा ***अध्यक्ष कप खेल प्रतियोगिता*** सञ्चालन गरिनेछ ।

**महिला, बालबालिका र सामाजिक सुरक्षा**

- ❖ एकल महिला, घरेलु हिंसा पीडित, संरक्षण विहिन जेष्ठ नागरिक र अशक्तहरुलाई स्थानीय तहबाट दिइने सिफारिस नि:शुल्क गरिनेछ ।
- ❖ अपांग, अशक्त, साहराविहिनहरुको संरक्षणका लागि गाउँपालिकामा ***आमा घर*** नामक स्याहार केन्द्र स्थापना गरिनेछ । जसका लागि कार्यविधि र डिपिआर निर्माण अघि वढाइने छ ।
- ❖ सामाजिक सुरक्षा भत्ता वितरणलाई टोलटोलमा घुम्ती शिविरको रुपमा सञ्चालन गरिनेछ । सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रक्रियालाई थप व्यवस्थित र सुदृढ गरिनेछ ।

❖ बालश्रम, बालविवाह र सबै प्रकारका बाल दुर्व्यवहारलाई निरुत्साहित गर्ने नीति अवलम्बन गरिनेछ । सभा, सम्मेलनमा स्वागतका लागि बालबालिकालाई लामबद्ध गरिने कार्यहरुलाई पूर्ण रुपमा निरुत्साहित गरिनेछ ।

❖ लोपोन्मूख, विपन्न, दलित, अल्पसंख्याक, आदिवासी जनजाति, पछाडि पारिएको वर्ग, एकल तथा फरक क्षमता भएका महिला, सिमान्तकृत लगायत बञ्चितिकरणमा पारेका समुदायलाई आयआर्जन, क्षमता विकास र सशक्तिकरण सम्वन्धि नीतिगत व्यवस्था गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

**सुशासन तथा संस्थागत विकासः**

❖ सार्वजनिक सेवालाई सरल, सहज, छिटो छरितो र प्रविधिमैत्री बनाइनेछ । नागरिकको गुनासाहरु तत्काल समाधानका लागि ***हेल्लो पालिका*** सेवा सञ्चालन गरिनेछ ।

❖ जनप्रतिनिधी तथा कर्मचारीहरुको लागि विशेष आचारसंहिता जारी गरी कडाईका साथ लागू गरिनेछ ।

❖ गाउँपालिकामा विद्युतीय हाजिरी, प्रविधिमैत्री सेवा विकासका लागि प्रभावकारी रुपमा कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

❖ कार्यसम्पादनका आधारमा गाउँपालिकाभित्रका कर्मचारी र शिक्षकहरुमध्ये बर्ष उत्कृष्ठ राष्ट्रसेवक घोषणा गरी पुरस्कार प्रदान गरिनुका साथै सेवासुविधा समेत २ महिनासम्म ५०% थप गरि प्रदान गरिनेछ ।

❖ सार्वजनिक सुनुवाई, नागरिक सुनुवाई, सूचना पाटी, नागरिक वडापत्र राख्ने व्यवस्था मिलाईनेछ ।

**अर्थ, उद्योग तथा व्यवसाय प्रबर्द्धनः**

❖ जडिबुटी प्रशोधन, स्थानीय मदिराको गुणस्तरमापन गरी ब्राण्डिङ्ग गर्ने व्यवस्था मिलाइने छ । फलफुल जन्य पेयपदार्थ (जुस, वाइन) को उत्पादन र बजारीकरणमा प्रोत्साहन गरिनेछ ।

❖ बाँस, चोया, निगाला जन्य वस्तुहरुको सामान उत्पादन, काठ तथा फर्निचर उद्योगहरु स्थापना गरी आयआर्जनमा बृद्धिमा विशेष जोड दिइनेछ । यसखाले उद्योग व्यवसाय सञ्चालन गर्न चाहनेहरुका लागि अनुदान उपलब्ध गराइनेछ ।

❖ वाह्य, प्याकेजिङ्ग मदिरा आयतलाई निरुत्साहित गरिनेछ । बोटलजन्य वियर आयात रोक्न पहल गरिने छ ।

❖ कालिगढ, चित्रलेखन (खापा), मूर्तिकलामा विशेष ज्ञान भएकाहरुको सूचि तयार गरी अन्य युवाहरुलाई समेत तालिम दिई आर्थिक रुपमा सवल बनाइनेछ ।

❖ संघीय तथा प्रादेशिक सरकारहरुसँगको सहकार्यमा स्थानीय स्तरकमा सिप विकासका लागि लघु उद्यम विकास कार्यक्रम(मेड्पा)को प्रभावकारी संचालन गरिने छ ।

गम्बु शेर्पा
गाउँपालिका अध्यक्ष

खिजीदेम्बा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खिजीफलाटे, ओखलढुङ्गा
१ नं. प्रदेश, नेपाल

**विविधः**

- स्थानीय कला, साहित्य, संस्कृतिलाई सम्बर्द्धन गर्ने र गायन, लेखनमा विशेष क्षमताहरुो पहिचानका लागि राष्ट्रियस्तरका ***रियालिटी शो*** आयोजना गरी अवसर प्रदान गरिनेछ ।
- गायन, लेखन, बाद्यवाधन, साधना, संगीत सिक्न चाहनेहरुको लागि गाउँपालिकामै प्रशिक्षण केन्द्र स्थापना गरी प्रशिक्षण दिने व्यवस्था मिलाइनेछ ।
- विभिन्न जातजाति, धार्मिक समूहको राष्ट्रिय चाडपर्वमा सार्वजनिक विदा दिने व्यवस्था मिलाइने छ । (जस्तैः ग्यालपो ल्होसार, सोनाम  ल्होछार, तमु ल्होसार, उँभौलीउँधौली, चण्डीपूजा, क्रिसमस) ।
- ***खर तथा काठको छाना रहित*** गाउँपालिका घोषणा गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

**अन्तमा,**

यस नीति तथा कार्यक्रमलाई वस्तुत व्यवहारमा उतार्नका लागि सबैको महत्वपूर्ण भूमिकाको खाँचो हुन्छ । खिजीदेम्वालाई नमुना स्थानीय तहको रुपमा विकास गर्ने महान अभियानमा हामी सबैको सहकार्य, समन्वय र जागरुकता अत्यन्तै जरुरी छ । यस क्रममा जनप्रतिनिधीहरु, आम नागरिक, बुद्धिजिवी, राजनैतिक दल, सञ्चारजगत, कर्मचारी, शिक्षक, सुरक्षा संयन्त्र, निजी, सरकारी क्षेत्रको सकारात्मक भूमिकाको अपेक्षा गर्दै गाउँपालिकाको तर्फबाट हार्दिक कृतज्ञता तथा आभार व्यक्त गर्दछु । धन्यवाद ।

**प्रस्तुतकर्ताः**
**गम्बु शेर्पा**
**अध्यक्ष**
**खिजीदेम्वा गाउँपालिका, ओखलढुङ्गा**

गम्बु शेर्पा
गाउँपालिका अध्यक्ष